# मुलुकको वर्तमान आर्थिक परिदृष्य र रूपान्तरणका सवालहरू

डा.जीवन अंगाई[1]
बैकुण्ठ पाण्डे[2]

## १. पृष्ठभूमि

विगत १५ वर्ष अघिदेखि नेपाली राजनीतिमा सबैभन्दा बढी चर्चामा आएको विषय हो- आर्थिक समृद्धि । नेपालको संविधानमा आर्थिक समुन्नति र समृद्धिलाई नेपालको राष्ट्रिय हितको आधारभूत विषय बनाइएको छ। तर राजनीतिक दलहरुले आफ्नो कार्यक्रममा यस विषयमा ठोस योजना बनाएको देखिँदैन। सरकारको बजेट तथा योजनाहरुमा अधिकांश ठाउँमा उल्लेख गरिए पनि वास्तविक समुन्नति र समृद्धिको अनुभव गर्नबाट नेपाली जनताहरु पछि परेका छन्। विगतमा मुलुकले लिएको गलत नीतिका कारण उद्योगधन्दाको विकास, गरिवी निवारण तथा बेरोजगारी समस्यामा खासै प्रगति हुन सकेन । मुलुक समाजवाद उन्मुख अर्थतन्त्रमा जाने कुरा राजनीतिक दलहरुको बीचमा सहमति भई संविधानमा निर्दिष्ट गरिए पनि अरौटे अर्थतन्त्रले प्रश्रय पाउँदै आएको छ। समाजवादी आर्थिक नीतिको सुन्दरता आर्थिक न्याय र न्यून असमानता हो भने पूँजीवादी आर्थिक प्रणालीको चुरो असमान आयको वितरण र प्रतिस्र्धा हो। हामी यी दुवै मुलभूत मान्यताबाट च्यूत हुँदै गएको कारण आमयुवाहरुमा चरम निराशा छाएको छ। जसले गर्दा अधिकांश युवाहरु विदेश पलायन हुन बाध्य छन्।

कोभिड १९ का कारण शीथिल हुन पुगेको नेपाली अर्थतन्त्रमा सुधार नआउँदै रुस युक्रेन युद्ध, बैंक व्याजदर वृद्धि जस्ता कारणबाट पुन शीथिल हुन पुगेको छ। हाल मुलुकमा लगानी, उत्पादन तथा इनोभेसन छायाँमा परेको अवस्था छ । यसको अलवा नेपाली अर्थतन्त्र अनुचित फाइदा लिने प्रवृत्ति (Rent-Seeking) बाट ग्रस्त छ जसले गर्दा सरकारी नीति र कार्ययोजनाले अपेक्षित नतिजा दिन सकेको छैन । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने नारा गणतन्त्र स्थापनायता निरन्तर लाग्दै आएतापनि नेपाली अर्थतन्त्र कुन कुन क्षेत्रमा आत्मनिर्भर हुन सक्छ र कसरी आत्मनिर्भर हुन सक्छ भन्ने बारे घनिभूत बहस छलफल हुनु जरुरी छ।

अर्थशास्त्रीय नजरले हेर्दा हामीमाझ बर्षौदेखि बारम्बार उठिरहने प्रश्न हो- अर्थतन्त्रको उत्पादन प्रणाली किन दिनानुदिन कमजोर भइरहेको छ ? कहालीलाग्दो आर्थिक परनिर्भरताको यात्रा कहिलेसम्म गरिरहने ? के राज्यका निकायहरुले उत्पादन प्रणाली सुदृढ पार्ने दिशामा नतिजा दिनेगरी काम गरिरहेका छन ? किन उत्पादन बढाउने सरकारको महत्वकांक्षी नीति तथा कार्यक्रम पट्यारलाग्दो रुपमा आउँछन तर कार्यान्वयन हुँदैन ? के साँच्चिकै मुलुकको आर्थिक समृद्धि गर्न दलहरुसँग दुरदृष्टि, कार्ययोजना र इच्छाशक्ति नभएकै हो ? के आन्तरिक उत्पादन र रोजगारीको खाका आउने गरी छुट्टै मास्टर प्लान बनाउन सरकारी निकायमै भर परिरहने हो ? होइन भने मुलुकको आर्थिक, सामाजिक रुपान्तरणको लागि विकासको नयाँ खाका कोर्न ढिला नगरौं।

## २. भु-राजनीतिक परिवेश

दुई बिशाल जनसंख्या भएका र सामरिकरुपले शक्ति सम्पन्न मित्रराष्ट्रहरुको बीचमा हामी छौं। एकातर्फ विश्व अर्थराजनीतिमा आफ्नो प्रभुत्व कायम गर्ने गरी चिनीया अर्थतन्त्र अघि बढिरहेको छ। अर्कोतर्फ भारत दक्षिण एशियाको आर्थिक महाशक्ति राष्ट्रको रुपमा रहेको छ । आफ्नो प्रभुत्व विस्तार गर्न शक्ति

१ उपाध्यक्ष, राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाल
२ उप-प्राध्यापक, अर्थशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस

राष्ट्रहरुकोबीचमा होडबाजी चलेको छ । यस परिवेशमा स्वाधीन तथा आत्मनिर्भरता सहितको आर्थिक समृद्धि हाँसिल गर्न चुनौतीहरुको सामना गर्नु परिरहेको छ ।

एकातर्फ हामीलाई दुई छिमेकी राष्ट्रहरुको आर्थिक सम्पन्नताबाट लाभ लिने अवसर छ भने अर्कोतर्फ हाम्रो भौगोलिक अवस्थितिको कारण स्वाधीन र आत्मनिर्भरता सहितको आर्थिक समुन्नति हाँसिल गर्न चुनौति छ । राष्ट्रिय अर्थतन्त्रमा विद्यमान अनेकौ संरचनागत अवरोधहरुका कारण उत्पादन प्रणाली जिर्ण छ । भूपरिवेष्टित भएकै कारण निर्यात क्षमता कमजोर भएको छ । उदार आर्थिक नीतिको कारण आयात विस्तार र व्यापार घाटा भने आकासिँदो छ । पेट्रोलियम पदार्थलगायत अधिकांश अत्यावश्यकीय वस्तुमा भारतसँग निर्भर रहनुपर्ने बाध्यता रहेकोले यसैलाई माध्यम बनाई राष्ट्रिय राजनीतिमा अस्थिरता ल्याउन भारतीय भूमिकाको प्रयोग पनि हुँदै आइरहेको छ । भारतसँगको खुला सिमाना तथा सहज सिमानाकाको कारण पनि नेपालको आर्थिक गतिविधिमा भारतको प्रभाव परिरहेको छ ।

## ३. राष्ट्रिय अर्थतन्त्रमा अन्तर्राष्ट्रिय प्रभाव

अन्तराष्ट्रिय व्यापारको साथसाथै सूचना-प्रविधिको विकास तथा अन्तरदेशीय रोजगारीको अवसरले गर्दा विश्वका देशहरु एक अर्कामा निर्भर भइसकेको अवस्था छ । मानिसहरु न्यून उत्पादकत्वको क्षेत्र छोडेर बढी उत्पादकत्व भएको क्षेत्रमा सर्ने, जुन देशमा रोजगारीको अवसर छ त्यही देशमा काम गर्न जाने वा त्यहिँ बसाई सर्ने प्रवृत्ति बढ्दै गएको छ । नेपालबाट ब्रेन डेन हुने समस्याको कारक पनि यहि हो ।

कोभिड-१९ महामारीको कारण बैदेशिक रोजगारी नराम्ररी प्रभावित हुन गयो । माहामारीका कारण नेपालभित्र भित्रिने अत्यावश्यकीय वस्तु तथा कच्चा पदार्थमा रोकावट हुँदा एकातर्फ स्वदेशी उत्पादन तथा निर्यात व्यापार नराम्ररी प्रभावित बन्न पुग्यो भने अर्कोतर्फ आयातित वस्तुको मुल्य उल्लेख्यरुपले बढ्न पुग्यो । यसैबीचमा रुस-युक्रेन युद्धले गर्दा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ, कच्चा तेल तथा खाद्यान्नको मुल्य वृद्धि हुन गई नेपालमा समेत मुल्य वृद्धि हुन पुग्यो । मुल्यवृद्धिले गर्दा बैदेशिक मुद्राको संचिती समेत घट्न पुग्यो । यसले गर्दा नेपालमा आयातमा कडाई गर्नुपर्ने अवस्था आयो । आयातमा गरिएको कडाईले गर्दा चालुवर्षको राजस्व नराम्ररी प्रभावित बन्न पुगेको छ ।

विश्व जगतसँग व्यापारबाट फाइदा लिन गरिएका द्विपक्षीय र वहुपक्षीय व्यापार सम्झौताहरुबाट नेपालले लाभ लिन सकिरहेको छैन् । यस्ता सम्झौताहरुको कारण निर्वाधरुपमा आयात गर्न दिनुपर्ने र आयातमा नियन्त्रण गर्न करको अंकुश लगाउन नमिल्ने अवस्था छ । यसले गर्दा स्वदेशी उद्योगको संरक्षण हुन सकिरहेको छैन । स्वदेशी उत्पादन नगण्य हुँदा अधिकांश वस्तु विदेशबाट आयात गर्नुपर्ने भएकोले भविश्यमा कुनैपनि राष्ट्रहरुमा समस्या आउँदा त्यसको प्रत्यक्ष असर नेपालमा पर्नेछ । नेपाली अर्थतन्त्र भारतीय अर्थतन्त्रमा बढी परनिर्भर रहेकोले भारतमा समस्या आउँदा नेपाल पनि त्यसको प्रत्येक्ष मारमा पर्ने स्थिति छ ।

## ४. वर्तमान आर्थिक परिदृष्य

यस वर्ष बैंकिङ प्रणालीमा देखिएको तरलता समस्या तथा व्याजदरमा भएको वृद्धि र राजस्व संकलनमा आएको उच्च गिरावटले पुरै अर्थतन्त्रलाई प्रभावित गरेको छ । नेपाली अर्थतन्त्रमा अहिले रेमिट्यान्स-आयात-राजस्व-सरकारी खर्चको चौकोणात्मक चक्र बनेको छ । यी चार तत्व मध्य एउटामा मात्रै तलमाथी हुँदा अर्थतन्त्रको सन्तुलन विग्रने स्थिति बनेको छ । रेमिट्यान्स घट्दा सोधनान्तर बचतमा समस्या आउने, आयात घट्दा राजस्व घट्ने, राजस्व घट्दा सरकारी खर्च घट्ने, सरकारी खर्च घट्दा बैंकिङ निक्षेप घट्ने, निक्षेप घटदा तरलता समस्या भई लगानीमा समस्या आउने र लगानी कम हुँदा उत्पादन, आम्दानीका साथै पुनः राजस्व घट्ने एउटा चक्र पैदा भएको छ । आयात बढ्न गएको खण्डमा बैदेशिक मुद्राको संचिती

घट्ने र भविश्यमा अत्यावश्यकीय दैनिक उपभोग्य वस्तु खरिदको लागि समेत मुद्रा नहुने सम्भावना रहन्छ । मुलुकको समष्टिगत आर्थिक सन्तुलन रेमिट्यान्समा नै निर्भर रहेको छ ।

२०७८ सालको असार मसन्तमा रु. १३ खर्व ९९ अर्व बराबरको विदेशी मुद्रा संचिती रहेकोमा ८ महिनाको अवधिमा २०७८ फागुनसम्ममा रु. २ खर्ब २८ अर्बले गिरावट आयो । विगतका वर्षहरुमा प्राय बचतमा रहने सोधनान्तर स्थिति गत फागुनमा करिब साँढे २ खर्व रुपयाँले घाटामा पुग्यो । यो परिस्थिति सृजना हुनुको मुख्य कारण अनियन्त्रित आयात नै थियो । अघिल्लो आर्थिक वर्षभरीमा जम्मा रु. ११ खर्ब ८० अर्बको आयात भएकोमा गत आर्थिक वर्षको फागुनसम्ममा मात्रै रु. १३ खर्व नाग्न पुग्यो । यस परिस्थितिलाई मध्येनजर गर्दै सरकारले आयात नियन्त्रण गर्ने कदम चाल्यो । यस अन्तरगत विदेशबाट सामान आयात गर्दा कतिपय बस्तुमा शतप्रतिशत मार्जिन राख्नु पर्ने व्यवस्था र कतिपय वस्तुलाई पूर्ण प्रतिवन्ध लगाउने निर्णय भयो । यस व्यवस्थाले आयातमा केही नियन्त्रण भई बैदेशिक मुद्राको संचितीमा सुधार त भयो तर यसले अर्थतन्त्रमा थप समस्या पैदा गरायो ।

चित्र १: विगत १० वर्षको आयात निर्यातको स्थिति




स्रोत: भन्सार विभाग

आयातमा कडाई गरेपछि राजस्व संकलनमा नराम्रो झड्का लाग्न थाल्यो । आर्थिक वर्ष २०६४/६५ सालयता नेपालको राजस्व वृद्धिदर उल्लेख्य (औसतमा १६ प्रतिशत) रहँदै आएकोमा यस आर्थिक वर्षको पहिलो ८ महिना सकिन लाग्दा (फागुन २१ सम्म) अघिल्लो वर्षको तुलनामा १५.५ प्रतिशतले गिरावट आएको छ । यस बर्षको फागुन २१ सम्म राजस्व रु. ५ खर्ब ५० अर्ब मात्र संकलन भएको छ जवकी गत वर्षको सोही अवधिमा रु. ६ खर्ब ५१ अर्ब राजस्व संकलन भएको थियो । राजस्वमा यस्तो ह्रास ४८ वर्ष यताकै न्यून हो ।

व्यवस्थापकीय कुशलता वृद्धि नगरी यथास्थितिमा आयातमा गरिएको कडाईले खुला सीमा-नाकाको भन्सार व्यवस्थापनलाई चुनौती दिँदै चोरी पैठारी अनियन्त्रितरुपमा मौलाएको छ । राजस्व चुहावट नियन्त्रणमा संलग्न निकायहरु स्वयम चोरी पैठारी अत्याधिक बढेको तथ्य स्वीकार गरिरहेका छन् । स्वदेशी उत्पादकहरु चोरी पैठारी नियन्त्रण गर्न बजार अनुगमनका लागि राज्यलाई गुहारी रहेका छन । तर बजार अनुगमन र नियन्त्रण गर्न कुनै प्रभावकारी कदम चालिएको छैन । स्वदेशी व्यवसायीहरु मर्कामा छन र राज्यको भूमिका

देखेर उनीहरु उदास छन् । यो वर्ष आयात कडाईले चोरी पैठारीमा पनि नयाँ रेकर्ड कायम गरेको छ ।

गत आर्थिक वर्षको सुरुसुरुमा बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाह आक्रामक रुपमा भयो । अधिकांश कर्जा घर जग्गाको लगानी र आयातमा गयो । त्यसले अर्थतन्त्रलाई असन्तुलित बनायो । आयातले आन्तरिक उत्पादन र आम्दानी खुम्च्याइदियो । यसले गर्दा बैंकहरुमा तरलताको समस्या देखा पर्न थाल्यो । पहिलो ६ महिनामै झण्डै रु. १० खर्ब बराबरको रकम बस्तु आयातमा मात्रै गयो ।

विगत १० महिनादेखि बैंकहरुले खुलेर कर्जा प्रवाह गर्न सकिरहेका छैनन । चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार १२.६ प्रतिशतले कर्जा विस्तार गर्ने प्रक्षेपण थियो । निक्षेपमा सुधार नभएका कारण बैंकहरुले कर्जा प्रदान गर्न सकिरहेका छैनन । तरलता अभावका कारण बैंकहरुको व्याजदर पनि अत्याधिकरुपमा बढिरहेको छ । बैंकहरुले कर्जा दिने कम गरेपछि लगानी र उत्पादनमा गिरावट आउन थालेको छ । घरजग्गा कारोबारमा मन्दी देखिन थालेको छ । बढ्दो व्याजदरका कारण व्यवसायीहरु लगानी गर्न उत्साहित छैनन । सेयरबजारमा पनि मन्दीको असर परेको छ । २०७८ साल भाद्र २ मा ३१९८ विन्दु पुगेको नेप्से इन्डेक्स हाल २००० भन्दा तल आइसकेको छ ।

हाल उत्पादनशील क्षेत्रमा सहुलियत व्याजदरमा कर्जा दिने व्यवस्था रहेकोमा विभिन्न शीर्षकमा कर्जा लिएपनि बास्तवमा कर्जाको ठूलो हिस्सा दुरुपयोग भएको आशंका छ । कर्जाको अर्को ठूलो हिस्सा रियल स्टेटमा गएको छ । नेपाल राष्ट्र बैंकको फितलो सुपरिवेक्षण, र बैकहरुको हेलचक्र्याई र व्यवसायी/ऋणीले कर्जा दुरुपयोग गर्ने प्रवृत्तिले कर्जा विस्तारबाट अर्थतन्त्रमा उत्पादन, रोजगारी र आम्दानी वृद्धिमा खासै योगदान गर्न सकेको छैन ।

अर्थतन्त्रका केही महत्वपूर्ण सूचकहरु तलको तालिकामा उल्लेख गरिएको छ ।

| **सूचकांक** | **मान (value)** | **समीक्षा** |
|---|---|---|
| कूल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्य) | ४८.५१ खर्व | |
| आर्थिक वृद्धिदर २०७८/७९ मा | ५.८४ % | |
| प्रति व्यक्ति आय २०७८/७९ मा (अमेरिकी डलर) | १३८१ | |
| कृषि, उद्योग र सेवाक्षेत्रको GDP मा योगदान (%) | २३.९, १४.३, ६१.८ | उद्योग क्षेत्रको योगदान १० वर्ष अघि १५.१ प्रतिशत रहेको |
| आयात (२०७९/८० को ७ महिना) | ९१९ अर्व | अघिल्लो वर्षको सोही अवधि भन्दा १९.९% घटेको |
| निर्यात (२०७९/८० को ७ महिना) | ९३ अर्व | अघिल्लो वर्षको सोही अवधि भन्दा २९ % घटेको |
| व्यापार घाटा (२०७९/८० को ७ महिना) | ८२६ अर्व | गत आर्थिक वर्षमा १७ खर्व २० अर्व |
| राजस्व संकलन (२०७९ फागुन २१ सम्म) | ५५० अर्व | गत आर्थिक वर्षको सोही अवधिमा ६५१ अर्व संकलन भएको |

| सूचकांक | मान (value) | समीक्षा |
|---|---|---|
| चालु खर्च (२०७९ फागुन २१ सम्म) | ५८३ अर्व | गत आर्थिक वर्षको सोही अवधिमा ५१५ अर्व खर्च भएको |
| पूँजीगत खर्च (२०७९ फागुन २१ सम्म) | ७६ अर्व | लक्ष्यको २० प्रतिशत |
| सार्वजनिक ऋण (मंसिर २०७९) | रु. २०.०७ खर्व | जिडिपिको ४१.३७ % |
| प्रतिव्यक्ति सार्वजनिक ऋण | रु. ६८,७५५ | ५ वर्षको बीचमा सार्वजनिक ऋण दोब्बर भएको |
| मुद्रास्फीति (पौष २०७९) | ७.२६ % | अघिल्लो वर्ष ५.६५ % रहेको |
| बैंकिङ कर्जा लगानी ६ महिना (पौष २०७९) | १३७ अर्ब | अघिल्लो वर्षको सोही अवधिमा रु. ४९२ अर्ब |
| बाणिज्य बैंकहरुको कर्जाको भारित औषत व्याजदर (पौष २०७९) | १२.७९ % | अघिल्लो वर्ष ९.४४% |
| बेरोजगारी दर (२०१८) | ११.४ % | |
| गरीवीको रेखामुनी रहेको जनसंख्या २०७९ मा | १८.७ % | पन्ध्रौ योजनाको लक्ष्य ९.५ % को लक्ष्य पुरा नहुने स्थिति |
| कृषिमा आवद्ध जनसंख्या | ६०.४ % | |
| सोधानन्तर बचत (पौष २०७९) | रु. ९७ अर्व | अघिल्लो वर्ष २४१ अर्वले घाटामा रहेको |
| विदेशी मुद्राको संचिति | रु. १३३७ अर्व | २०७९ असार मसान्त भन्दा १० प्रतिशतले वृद्धि |
| रेमिट्यान्स (प्रथम ६ महिनामा) | रु. ५८५ अर्व | गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.३ प्रतिशतले वृद्धि |
| नेप्से इन्डेक्स (फागुन २४, २०७९) | १९५२.६६ | २०७८ भाद्र २ मा ३१९८.६६ पुगेको |
| भ्रष्टाचार बारे CPI 2022 Transparency International | ३४ (११०/१८०) | सन २०२१ मा ११७/१७८ रहेको |
| Climate Risk Index (CRI) 2017 German Watch | ४ (५/१८१) | नाजुक अवस्थामा रहेको |

स्रोतः अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, भन्सार विभाग

अर्थतन्त्रलाई गतिदिने पूँजीगत खर्च हाल अत्यन्तै दयनीय अवस्थामा छ। यसको अलावा चालुखर्च बर्षैपिच्छे बढिरहेको छ। यस वर्ष उठ्ने राजस्वले चालुखर्च पनि धान्ने स्थिति छैन। यस वर्षको प्रथम आठ महिना सकिन लाग्दा (फागुन २१ सम्म) पूँजीगत खर्च जम्मा रु. ७८ अर्व अर्थात लक्ष्यको २०.५८ प्रतिशत मात्रै भएको छ। यस अवधिमा राजस्व रु. ५ खर्व ५० अर्व उठ्दा चालुखर्च मात्रै रु.५ खर्व ८३ अर्व खर्च

भइसकेको छ । यस्तो दयनीय स्थिति यस अघि विरलै थियो । सरकारको आम्दानी र खर्चमा असन्तुलन पैदा हुँदा विगत ५ वर्षमै सार्वजनिक ऋण दोब्बर भन्दा बढी पुगिसकेको छ । यसवर्षको मंसिर महिनासम्म सरकारको सार्वजनिक ऋण रु. २० खर्ब ७ अर्ब अर्थात जिडिपिको ४१.३७ प्रतिशत पुगिसकेको छ । यसले बजेट प्रणाली र बजेट कार्यान्वयनमा सम्लग्न कर्मचारीहरुको कार्यक्षमता माथि ठूलो प्रश्नवाचक चिन्ह खडा भएको छ ।

यतिखेर सरकारसँग अप्ठ्यारोमा रहेको अर्थतन्त्रलाई फेरी तन्दुरुस्त बनाउने परम्परागत कुनै कसुर उपाय बाँकी छैन । खाली आयात बढाएर राजस्व बढाउने र चालुखर्च धान्ने मोडालिटीले काम गर्न छोडिसकेको छ । हाल सरकारले गर्ने हरेक खर्चले आयातमूखी उपभोगलाई वृद्धि गर्ने र आन्तरिक राजस्वको दायरालाई साँघुर्‍याउँदै लैजाने काम गरेको छ । यही परिस्थितिमा सरकारले चाहेर पनि राजस्वमा सुधार ल्याउन सक्ने अवस्था छैन । आन्तरिक उत्पादन र स्वदेशी वस्तुको उपयोग गर्न बाध्यात्मक परिस्थिति बनिसकेको छ तर अर्थतन्त्रमा समस्याहरु एक पछि अर्को गर्दै चाङ लाग्दा कार्यान्वयन गर्ने निकाय अलमलमा परेको देखिन्छ ।

मुलुक एकातिर क्लाइमेट चेन्जको उच्च जोखिममा दर्ज छ भने अर्कोतिर भ्रष्टाचार बढी हुने देश मध्ये एक रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलको २०२२ को रिपोर्ट अनुसार १८० राष्ट्रहरु मध्ये भ्रष्टाचार हुनेमा ११० औ स्थानमा पर्छ । नेपाल भन्दा बढी भ्रष्टाचार हुने पनि ७० वटा रहेका छन् । यस तथ्यले नेपालको सुशासनको अवस्था नाजुक रहेको देखाउँछ । मुलुकको वैदेशिक मुद्रा आर्जन गर्ने दरिलो आधार रेमिटयान्स नै रहेको छ । भविश्यमा कुनै पनि कारणले रेमिटयान्स नआउने भयो राष्ट्रिय अर्थतन्त्रमा ठूलो समस्या आउन सक्छ । कतै नेपाल पनि रेमिटेन्स रिपब्लिकमा दर्जहुने त होइन भन्ने चिन्ता रहेको छ । देशभित्र नयाँ टेक्नोलोजी विकास पनि गर्न नसक्ने र बाहिरको टेक्नोलोजी समायोजन गर्न पनि नसक्ने स्थिति रहेकोले उद्योगको विकास पनि राम्ररी हुन सकेको छैन ।

अर्थतन्त्रको हालको समस्याको जडको बारेमा सम्बन्धित निकाय र विज्ञहरु जानकार नै छन । र पनि समस्या समाधानको विकल्प दिन सकिरहेका छैनन । यो समस्या बर्षौ अघिदेखिको हो, खाली समस्याको साइज मात्रै बदलिरहेको हो । समस्याको समाधानको लागि जिम्मेवार बन्नु पर्ने निकायले ठोस कदम चाल्न नसक्दा अहिले मुलुक अफट्यारोमा परेको छ । अहिलेको प्रशासनिक संरचना र कार्यशैलीमा सुधार गर्नुपर्ने देखिएको छ ।

## ५. वर्तमान अर्थव्यवस्थाका संरचनात्मक समस्याहरु

### क) आयातमुखी राजस्व

आर्थिक वर्ष २०७८/७९ मा नेपालको कुल राजस्वको ४७ प्रतिशत राजस्व आयातमा आधारित रहेको छ । त्यसभन्दा अघिल्ला वर्षहरुमा पनि सोही हाराहारीमा राजस्व आयातले योगदान गरेको छ । आयात वढ्दा राजस्व बढ्ने र आयात घट्दा राजस्व घट्ने स्थितिले मुलुकलाई थप परनिर्भर गराउँदै लगेको छ । आन्तरिक उत्पादनमा अभिवृद्धि तथा करको दायरामा वृद्धि गर्न नसक्दा सधैं राजस्व पनि आयातमै भरपर्नु परेको छ ।

### ख) बढ्दो व्यापार घाटा

नेपालमा आयात जुन गतिमा बढिरहेको छ सोही गतिमा निर्यात बढ्न सकेको छैन । आर्थिक वर्ष २०६९/७० मा ५ खर्ब ३६ अर्बको व्यापार घाटा रहेकोमा १० वर्षपछि आर्थिक वर्ष २०७८/७९ मा आइपुग्दा १७ खर्ब २० अर्ब हुन पुगेको छ । १० वर्षको बीचमा ३.२ गुणाले व्यापार घाटामा वृद्धि भएको छ । यसलाई तलको चित्र २ मा देखाइएको छ । बढ्दो व्यापार घाटा चासो र चिन्ताको विषय भएपनि यसलाई कम गर्न कुनै उपायले काम गरेको छैन ।




स्रोतः भन्सार विभाग

## ग) न्यून पूँजीगत खर्च

पछिल्लो दशकमा साधारण खर्च बढ्दै गइरहेको छ । पूँजीगत खर्च बढाउन नसकिएको तथ्य थाहा हुँदा हुँदै पनि कुनै प्रगति हुन सकेको छैन । आर्थिक वर्ष २०७४/७५ मा संघीय सरकारको पुँजीगत खर्च २३.३ प्रतिशत र चालुखर्च ६६.१ प्रतिशत रहेको थियो । यो अवस्था प्रत्येक वर्ष झनै बिग्रँदै गएर आर्थिक वर्ष २०७८/७९ मा आइपुग्दा पूँजीगत खर्च १६.७ प्रतिशत र चालुखर्च ७४.२ प्रतिशत हुन आइपुगेको छ । यस वर्ष यो भन्दा पनि नाजुक अवस्था हुने स्थिति देखा परिसकेको छ । पूँजीगत खर्चमा सुधार गर्ने कुरा नारामा मात्रै सिमित भएको छ ।

## घ) तरलता समस्या र अनुत्पादनशील बैंकिङ कर्जा प्रणाली

बैंकहरुमा प्रत्येक वर्ष पुषतिर तरलता समस्या देखिने गरेको छ । तरलता समस्या देखिनुमा सरकारको राजस्व तथा खर्च प्रणाली, आन्तरिक ऋण परिचालनको प्रवृत्ति, बढ्दो आयात, कर्जा लगानीको चक्रिय प्रवृत्ति कारक रहेको छ । यस बर्षको तरलता समस्या विगतको भन्दा जटिल प्रकृतिको रहेको कारण यसले अर्थतन्त्रमा लामो समयनै असर गर्ने देखिएको छ । त्यस्तै बैंकहरुले कर्जा लगानी गर्दा सिमित व्यक्तिहरुलाई प्राथमिकता दिइरहेको छ । सम्पत्ति धितो राख्नु पर्ने र घर-जग्गा तथा गाडीमा कर्जा सहजै प्रदान गर्ने परिपाटीले कर्जा प्रणाली उत्पादनशील बन्न सकेको छैन । बैंकहरुको नियमन दह्रो नहुँदा अन्य शीर्षकमा दिइएको कर्जा पनि दुरुपयोग भइरहेको छ । बैंकहरुको कर्जा प्रणाली अनुत्पादनशील हुँदा समग्र अर्थतन्त्र बलियो हुन सकेको छैन ।

## ङ) न्यून औद्योगिक उत्पादन

देशभित्र आयात बढ्दै जाँदा उद्योग र उत्पादनको विस्तारमा ब्रेक लागेको छ । आर्थिक वर्ष २०५५/५६ पछि नेपालको जीडिपीमा औद्योगिक क्षेत्रको योगदान बढ्न सकेको छैन् । नेपालमा आद्योगिक उत्पादनको हिस्सा जिडिपिको ५ प्रतिशत मात्रै छ जवकी विश्वको औषत नै १५ प्रतिशत छ । आयातित वस्तुहरुको मूल्य तुलनात्मक रुपमा सस्तो पर्ने भएकोले भएका उद्योगहरु पनि बन्द हुँदै गइरहेको छ । उत्पादनबाट भन्दा व्यापारबाट नाफा गर्न खोज्ने प्रवृत्ति आमरुपमा व्याप्त रहेकोले उद्योगको विस्तार हुन सकेको छैन ।

**च) सरकारी क्षेत्रको न्यून कार्यक्षमता**

समान कार्यप्रकृतिका सरकारी र निजीक्षेत्रका कार्यलयहरुको कार्यक्षमता तुलना गर्दा अधिकांशमा निजीक्षेत्रको कार्यक्षमता धेरै रहेको स्थिति छ । बैंकिङ क्षेत्र, शिक्षा क्षेत्र, उद्योग क्षेत्र, व्यापार क्षेत्र सबैमा निजीक्षेत्रको प्रदर्शन राम्रो देखिन्छ । साधन र स्रोत निजीक्षेत्रको भन्दा राम्रो भएपनि कार्यक्षमता कमजोर हुनु सरकारी क्षेत्रको दुर्भाग्य नै हो । अनावश्यक कागजीय झंझट, कार्यमूल्यांकन तथा बढुवा प्रक्रिया, व्यवस्थापन प्रणाली, अनावश्यक कर्मचारी दरबन्दी, कामचोर मानसिकता आदिले गर्दा सरकारी क्षेत्रको कार्यक्षमता सुधार हुन सकेको छैन ।

**छ) कृषिको न्यून उत्पादकत्व**

नेपालमा कृषिको उत्पादकत्व अत्यन्तै न्यून रहेको छ । करीब ६०.४ प्रतिशत मानिसहरु यो पेशामा आवद्ध भएपनि जिडिपिको करीब २४ प्रतिशत योगदान रहेको छ । कुल जमिनको करीब ८२ प्रतिशत भुभागमा प्रमुख खाद्यान्न बाली लगाइन्छ तर उत्पादनमा योगदान ४४ प्रतिशत मात्रै छ । नेपालमा पहिलो कुरा व्यवसायिक उत्पादनमै समस्या छ भने अर्को कुरा नगदे तथा उच्च मुल्यको बाली उत्पादनको हिस्सा कम रहेको छ । उत्पादन भएका वस्तुहरूको कुशल बजार व्यवस्थापनमा पनि ठूलो समस्या छ । उत्पादन भएर पनि बजार व्यवस्थापन राम्रो नहुँदा उत्पादनतिर मानिसहरू आकर्षित हुन सकेका छैनन् । कृषिक्षेत्रलाई प्राथमिकता दिने भनेपनि किसानहरु लगानी, मल, बिऊ, सिंचाई तथा बजार व्यवस्थापनको मारमा पर्दै आइरहेका छन ।

**ज) अनुचित फाइदा लिने (Rent Seeking) प्रवृत्ति**

नेपाली समाजमा Rent Seeking प्रवृत्ति आमरुपमा समस्याको रुपमा खडा भएको छ । बास्तविक उत्पादनमा नलाग्ने तर भनसुन तथा नीतिगत भ्रष्टाचार मार्फत कमिसन तथा फाइदा लिने प्रवृत्ति Rent Seeking हो । फाइदाका पदहरुमा आफ्नो आफन्तलाई भर्ना गर्नु, भनसुनको आधारमा चोरबाटोबाट काम गर्नु र पदको दुरुपयोग गरी अनुचित फाइदा लिने प्रवृत्ति जताततै व्याप्त छ । सरकारी बजेटको कार्यान्वयनमा, विकास निर्माणका कामहरुमा, नीति निर्माणको बेलामा स्वार्थ समुहहरु हावी हुने प्रवृत्ति एकदमै मौलाउँदै गएको छ । सरकारको नीतिहरुले काम नगर्नु तथा सम्पादित कामहरुले अपेक्षित उपलब्धी हाँसिल गर्न नसक्नु र सरकारी कर्मचारीहरुको कार्यक्षमता कम हुनुमा रेन्ट सिकिङ प्रवृत्तिको ठूलो हात रहेको छ । उक्त प्रवृत्तिका कारण स्थापित व्यवसायीका सम्भावित उत्तराधिकारी सन्ततीलाई मुलुकमा स्थापित गर्न कठिन बन्दै गएको छ ।

**झ) अनौपचारिक अर्थतन्त्रको दवदवा**

श्रमशक्ति सर्वेक्षण २०१७/१८ का अनुसार नेपालमा ४९.९ प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको छ । राज्यको कुनै पनि निकायमा दर्ता नभइकन हुने व्यवसाय वा कारोबार अनौपचारिक हो । नेपालको सन्दर्भमा अनौपचारिक अर्थतन्त्रले पश्रय पाउनुको मुख्य कारण गरीबी, जनचेतनाको अभाव, राज्यको कमजोर अनुगमन, सम्पति तथा वित्तीय स्रोतमाथि पहुँच नहुनु हो । अनौपचारिक क्षेत्रले धेरै व्यक्तिलाई रोजगारी प्रदान गर्ने भएपनि यो क्षेत्रमा उत्पादकत्व कम हुने, कामको रेकर्ड नहुने, काम अस्थायी प्रकृतिको र अस्थिर हुने हुँदा अर्थतन्त्र प्रतिष्पर्धी र कुशल हुँदैन । व्यवसाय तथा आर्थिक गतिविधिको दर्ता औपचारिक रुपमा नहुँदा राजस्व संकलन पनि हुँदैन । यसको अलवा अनौपचारिक गतिविधिका कारण आर्थिक कृयाकलापहरुको प्रयाप्त तथ्यांक प्राप्त नहुन भएकोले आर्थिक योजनाहरु पनि निष्प्रभावी बन्न पुग्छन् । यसर्थ अर्थतन्त्रलाई प्रतिष्पर्धी र चलायमान बनाउन तथा राजस्व संकलन गरी खर्चका

स्रोतहरुलाई दिगो र भरपर्दो बनाउन अनौपचारिक अर्थतन्त्रको औपचारिकीकरण जरुरी छ ।

## ६. आर्थिक समुन्नतिमा विगतका उतार चढाव

नेपाल अति कम विकसित मुलुकमा दर्ज हुनुको पछाडि लामो समयसम्मको राजनीतिक अस्थिरता, अस्पष्ट एवं वारम्वार बदलिने नीति र कमजोर योजना प्रणाली रहेको छ । २००७ सालको प्रजातन्त्र प्राप्ती, २०४६ सालको बहुदलीय व्यवस्था स्थापना र २०६२/६३ सालको १९ दिने जनआन्दोलन मार्फत राजनीतिक व्यवस्था परिवर्तन भयो । तर राजनीतिक परिवर्तनसँगै आर्थिक परिवर्तनको तात्विक अन्तर खासै देखिएन । १९९२ सालमा कम्पनी एक्ट आएर १९९३ सालमा उद्योग परिषद स्थापना भएपछि विराटनगर जुटमिल, विँडी, चुरोट, सलाई कारखानहरु स्थापना भएर औद्योगिकीकरणको सुरुवात भएको थियो । यी उद्योगहरुलाई वित्तीय सेवा प्रदान गर्न १९९४ सालमा नेपाल बैंक स्थापना भयो । २००७ सालसम्म ६५ वटा कम्पनीहरु दर्ता भएको थियो ।

२०१३ सालमा प्रथम पञ्च वर्षीय योजना सुरु भयो । सोही वर्ष नेपाल राष्ट्र बैंक पनि स्थापना भयो । २०१९ सालमा बालाजुमा पहिलो औद्योगिक क्षेत्रको स्थापना भयो र पछि पाटन, हेटौडा, नेपालगन्ज, बुटवल, पोखरा लगायतका नौ ठाउँमा अरु औद्योगिक क्षेत्र पनि थपिए । २०१९ सालदेखि पूर्व-पश्चिम राजमार्ग, नौविसे-पोखरा, पोखरा-सुनौली राजमार्गहरु पनि निर्माण भयो । २०२१ सालमा भूमिसुधार कार्यक्रम पनि लागु गरियो । २०२१ सालमा जनकपुर चुरोट कारखानाको स्थापनापछि अन्य सार्वजनिक उद्योगहरु पनि स्थापना भए । २०४९ सालसम्म ६६ वटा सार्वजनिक संस्थानहरु स्थापना भए । सो मध्ये ४० वटा उत्पादनमुलक नै थिए । जब २०४९ सालमा विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष जस्ता संस्थाहरुको सुझावमा उदारीकरणको नीति ल्याइयो तव उद्योगहरु निजीक्षेत्रलाई बेचियो । ३० वटा उद्योगहरु निजीकरण गरियो । निजीकरण गरिएका उद्योगहरु कतिपय चल्न सकेनन र अलपत्र परे । उद्योगहरुको विकासक्रम वास्तवमा त्यहीवेलादेखि रोकियो । यद्यपि उदारिकरणले निजीक्षेत्रबाट सञ्चालित बैंक, विद्यालय, हस्पिटल, व्यापार क्षेत्रको विस्तार गऱ्यो ।

नेपालले सन २००४ मा विश्व व्यापार संगठन (WTO) को सदस्यता प्राप्त गरेपछि नेपालको उद्योग क्षेत्रको विस्तारमा झनै नकारात्मक असर परेको देखिन्छ । सदस्य राष्ट्रहरुकोबीचमा कतिपय बस्तुमा शून्य भन्सार र कतिपयमा भन्सारदर सीमित भन्दा लिन नपाउने व्यवस्था भयो । यसले बजारको विस्तार भई प्रतिष्पर्धा बढ्ने र स्वदेशी उद्योगको क्षमता विस्तार हुने अपेक्षा गरिएको थियो । तर अपेक्षा विपरित नेपालमा कम भन्सारदरमा धेरै बस्तुहरु आयात हुन थाल्यो । यसले गर्दा स्वदेशी उद्योगहरु विस्थापित हुन थाले । सार्क राष्ट्रहरुकोबीचमा गरिएको बहुपक्षीय व्यापार संझौता-साफ्टा ले पनि WTO जस्तै फाइदा भन्दा बेफाइदा गरेको अवस्था छ । भारतसँग गरिएको द्विपक्षीय संझौताले गर्दा आधारभूत कृषि उत्पादन र आधारभूत खनिज उत्पादनमा भन्सार महशुल छुट दिनुपर्ने प्रावधानले गर्दा सस्तोमा कृषि उत्पादन आयात भई स्वदेशी उत्पादनलाई विस्थापन गरेको अवस्था छ ।

२०६२ सालदेखि २०७२ सालसम्मको उर्जासंकट, भारतले २०४५ मा १५ महिना गरेको नाकाबन्दी, २०७२ मा ४ महिना गरेको नाकाबन्दी र २०७२ सालको भुकम्प र हालैको कोभिड-१९ तथा रसिया-युक्रेन युद्धले उद्योग धन्दाको विकासमा प्रतिकुल प्रभाव पाऱ्यो । बहुदलीय व्यवस्था पश्चातको राजनीतिक अस्थिरता, २०६३ सालदेखि संघीय संबिधान जारी रहुन्जेलको संक्रमणकालीन अवस्थामा समेत आर्थिक गतिविधि फस्टाउन सकेन ।

## ७. आत्मनिर्भर क्षेत्रहरुको पहिचान र आर्थिक वृद्धिको सम्भावना

हालको संरचनागत समस्याहरुको एक मात्र समाधान उत्पादनमा वृद्धि नै हो । वस्तु तथा सेवाको उत्पादन

वृद्धि गर्न तुलनात्मकरुपमा लाभ लिन सकिने तथा आयात प्रतिस्थापन गर्न सकिने क्षेत्रहरुमा लगानी बढाउनु पर्ने देखिन्छ । स्वदेशमै उत्पादन गर्न सकिने कतिपय वस्तुहरु पनि विदेशवाट आयात गर्दा अर्बौ रुपयाँ खर्च भइरहेको छ । यस्ता क्षेत्रहरुको पहिचान गरी उत्पादन बढाउँदा पहिलो चरणमा निर्यात गर्न नसकेपनि आयातलाई विस्थापन गर्न सकिनेछ ।

नेपालले चिया, जुत्ता चप्पल, पेन्ट, जस्तापाता, गार्मेन्ट तथा टेक्सटायल, जडिवुटी, औषधी, पावर ट्रान्सफर्मर जस्ता क्षेत्रमा उत्पादन बढाएर आत्मनिर्भर बन्न सकिने अवस्था छ । त्यस्तै चिनी, सिमेन्ट, फलामका छड तथा डण्डी, कागज, फर्निचर, सावुन, सुर्तीजन्य पदार्थ, अलकोहलीक पेय पदार्थ, तार र कन्डक्टरहरु, दुध र मासुमा पनि मुलुक आत्मनिर्भरको अवस्थामा पुगेको छ । यस्ता वस्तुहरुको आयात दुरुत्साहन गरी स्वदेशी उद्योगहरुलाई प्रोत्साहान गर्ने रणनीति लिनुपर्छ ।

मुलुकको आर्थिक वृद्धिको लागि सम्भावना भएका क्षेत्रहरुमा आइटी पार्क, पर्यटन (सगरमाथा, लुम्बिनी र पशुपतिनाथ), जडिवुटी, जलविद्युत, हिमालयन एक्वा वाटर आदि रहेका छन् । विश्वमा नेपालबाटनै सेवा प्रदान गर्न सक्ने र उच्च मूल्य भएका क्षेत्र इन्फरमेसन टेक्नोलोजी भएकोले यसलाई प्रवर्द्धन गरी सेवा निर्यात गर्न जरुरी छ । तत्कालका लागि जलविद्युतको उत्पादन बढाई पेट्रोलियम विस्थापन तथा यसको निर्यात पनि सम्भव छ । प्रचुर सम्भावना बोकेको हिमालको पानी विश्वभरी नै ब्राण्डको रुपमा स्थापित गरी बजार लिन सक्ने सम्भावना छ । सर्वोच्च शिखर सगरमाथाको संसारभरी प्रचार-प्रसार गर्नसके प्रर्यटनको पनि उत्तिकै सम्भावना छ। जडिवुटी प्रशोधन, बहुमूल्य पत्थर, हिमाल आरोहण, साहसिक पर्यटन पनि तुलनात्मक लाभको राम्रो क्षेत्र हुनसक्छ । धार्मिक पर्यटनका लागि लुम्बिनी जसले धेरै चिनीया बौद्ध धर्मावलम्बीहरुलाई आकर्षण गर्न सक्छ भने पशुपतिनाथले हिन्दु धर्मावलम्बीहरुलाई आकर्षण गर्न सक्छ । पर्वतीय ट्रेकिङमा पनि नेपालले विशिष्टता हाँसिल गर्न सक्छ ।

## ८. आर्थिक रुपान्तरणको कार्ययोजना

लामो समयदेखि संरचनागत, नीतिगत तथा प्रशासनिक जंजालमा अल्झिएर माथि उठन नसकेको अर्थतन्त्रलाई दिगो विकासको बाटोमा अघि बढाउन राजनीतिक दलहरुले आफ्नो कार्यगत एजेण्डामा आर्थिक उत्पादनमा जनताको सहभागिता कार्यक्रम ल्याउन जरुरी छ । वर्तमान कार्यशैलीको बजेट कार्यान्वयन तथा अनुगमन प्रणाली फितलो देखिएको छ । कर्मचारीहरुको कार्यक्षमता र कार्यशैलीमा व्यापक सुधार गर्नुपर्ने देखिएको छ । अर्थतन्त्रलाई ड्राइभ गर्ने निकायहरु अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोगकोबीचमा समन्वय र अर्थतन्त्र सुधारको कार्ययोजना ल्याउने आँटको आवश्कता छ । समग्रमा अहिलेको अवस्थालाई सुधार गर्न निम्न कार्यक्रम तथा व्यवस्थाको कार्यान्वयन गर्न जरुरी छ ।

१. साना किसान, स्टार्ट अप बिजिनेस, नवपर्वतनकारी योजना तथा आइटी प्रशिक्षार्थीहरुले लगानी गर्ने पैसाको अभाव झेल्दै आइरहेको सन्दर्भमा यिनीहरुलाई फाइनान्सिङ गरी उद्यमशीलता विकास गर्न एउटा इनोभेसन फण्ड स्थापना गर्ने र शून्य वा अति न्यून ब्याजदरमा ५ वर्षको लागि ऋण दिने व्यवस्था गर्ने ।

२. आयात प्रतिस्थापन हुनसक्ने उद्योगहरु जस्तै चिया, जुत्ता चप्पल, पेन्ट, जस्तापाता, गार्मेन्ट तथा टेक्सटायल, औषधी, पावर ट्रान्सफर्मर, चिनी, सिमेन्ट, फलामका छड तथा डण्डी, कागज, फर्निचर, हरियो तरकारी, सावुन, सुर्तीजन्य पदार्थ, अलकोहलिक पेय पदार्थ, तार र कन्डक्टरहरु तथा दुध र मासु लाई प्रवर्द्धन गर्न उत्पादनमा आधारित अनुदान र सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने र यस्ता बस्तुहरुको आयात दुरुत्साहन गरी स्वदेशी उद्योगहरुलाई प्रोत्साहन गर्ने ।

३. कृषिको व्यवसायिकीकरण तथा रुपान्तरणका लागि भूमिको चक्लाबन्दी गर्न वडा कार्यालयलाई जिम्मेवारी

प्रदान गर्ने । निश्चित मूल्य नबढ्ने गरी रासायनिक मल उपलब्ध गराउन निजीक्षेत्रलाई पनि खुला गर्ने । हिमाली भेगमा फलफुल, जडिवुटी तथा पशुपालन, पहाडी भेगमा फलफुल, तरकारी तथा पशुपालन र तराई भेगमा प्रमुख खाद्यान्न बाली तथा उच्च मुल्यका फलफुल उत्पादनको लागि प्रोत्साहन प्याकेज लागु गर्ने ।

४. स्वदेशी उत्पादन प्रयोग वर्षको नारालाई कार्यान्वयन गरी सरकारी कार्यालय, सरकारी कर्मचारीलाई स्वदेशी उत्पादन प्रयोग गर्न निर्देशन दिने तथा प्रोत्साहान गर्ने । निजीक्षेत्रलाई पनि स्वदेशी उत्पादन प्रयोग गर्न प्रोत्साहान गर्ने ।

५. कृषिजन्य उत्पादनको बजार व्यवस्थापन प्रणाली नहुँदा स्वदेशी उत्पादन बारीमै कुहिने स्थिति रहेकोले देशभरका मुख्य-मुख्य बजारसम्म सोझै पुऱ्याउने गरी सप्लाई मेनेजमेन्ट सिस्टम विकास गर्ने । यो सिस्टमले प्रत्येक पालिकाका किसानसँग सोझै सम्पर्क विस्तार गरी मुख्य बजारसम्म पुऱ्याउने व्यवस्था गर्ने । प्रत्येक पालिकाबाट इ-कमर्श एप प्रयोग गरी सिस्टमका कर्मचारीबाट स्टकको रेकर्ड व्यवस्थापन गर्ने ।

६. बजारमा चोरी पैठारीका सामान र अन्डर बिलिङका सामानहरुको सामान व्याप्त रहेको अधिकांश पसलबाट भ्याट बिल काटेर बेच्ने गरिएको छैन । भन्सार नाका वा बाहिरबाट सेटिङमा सामान राजस्व छलेर भित्र्याउने गरिएको छ । यसले राजस्वमा ठूलो चुहावट भइरहेको छ । त्यसलाई नियन्त्रण गर्न आन्तरिक राजस्व कार्यलयले बजार अनुगमनमा तिव्रता ल्याउनु पर्ने र भन्सार सिमानाकामा प्रहरी सुरक्षाबलको सहयोगमा भन्सार विभागले कडाईका साथ नियन्त्रण गर्ने ।

७. अनौपचारिक अर्थतन्त्र मौलाउँदा राजस्वको दायरा समेत बिस्तार हुन सकिरहेको छैन । अनौपचारिक अर्थतन्त्रलाई औपचारिकीकरण गरी राजस्वको दायरा विस्तार गर्न व्यवसाय दर्ता प्रक्रियालाई सरलीकृत गर्ने, बजार अनुगमन गरी दर्ता नभएकाहरुलाई उनीहरुकै ठाउँमा गई दर्ता गराई युनिक परिचय पत्र प्रदान गर्ने र उनीहरुको कर प्रक्रियालाई सरल र न्यून गर्ने, दर्ता प्रक्रियामा ल्याउन प्रोत्साहान प्याकेज तथा कर छुटको व्यवस्था गर्ने ।

८. आइटी पार्कको अवधारणा ल्याई यसमा अध्ययन गर्ने प्रशिक्षार्थीहरुलाई विशेष सहुलियतको व्यवस्था गर्ने र आइटीको दक्षजनशक्ति तयार गरी आइटी पार्कमा दक्षजनशक्ति खपत गरी विश्वभरी नेपालबाट नै सेवा बेच्ने प्रबन्ध मिलाउने ।

९. सरकारी सेवाप्रति नागरिकहरूको गुनासो बढिरहेको हालको सन्दर्भमा सरकारी सेवालाई मर्यादित, पारदर्शी र अनुशासित बनाई कार्यक्षमता अभिवृद्धि गर्न प्रशासनिक सुधार कार्यक्रम लागु गर्ने । यसमा कार्यसम्पादनको आधारमा बढुवा तथा पुरस्कार र दण्डको व्यवस्था गर्ने र अपेक्षित सुधार हुन नसके २ वर्षे करार सेवा आयोगको अवधारणा लागु गरी कार्यक्षमता वृद्धि गर्ने ।

१०. अनावश्यक सरकारी खर्च घटाउन थोरै तर दक्ष कर्मचारीको व्यवस्था गर्ने, सरकारी कार्यालयको हालको खर्चमा २० प्रतिशत कटौती गर्न दरबन्दी समायोजन तथा प्रशासनिक खर्चमा मितव्ययिता ल्याउने । पूँजीगत खर्च हुन नसक्ने अवस्था देखिएमा आर्थिक वर्षको ६ महिना पछि सम्भावित अर्को विकल्पमा खर्च गर्न पाउने व्यवस्था गर्ने । ठूला र खर्च गर्न कठिनाई हुने परियोजनाहरुमा बजेट विनियोजन गर्नुअघि नै खर्च हुने सुनिश्चितता गरेर मात्र बजेट छुट्ट्याउने व्यवस्था गर्ने ।

११. कृषि उत्पादन प्रक्रियामा सहकारी मोडल विकास गर्ने र सहकारी तथा सरकारी बैंकहरुमार्फत सहुलियतपूर्ण फाइनान्सिङको व्यवस्था गर्ने ।

१२. बैंकहरुले प्रदान गर्ने कर्जा धितोमा मात्र आधारित नभएर परियोजना तथा व्यवस्थापनमा पनि आधारित बनाउने । हालको सहुलियतपूर्ण कर्जाको अनुगमन फितलो हुँदा लक्षित वर्ग र लक्षित क्षेत्रमा पुग्न सकेको छैन । यसलाई नियन्त्रण गरी बैंकिङ अनुगमनमा कडाई गर्ने तथा घर जग्गा तथा गाडीमा दिइने कर्जामा कमि ल्याई उत्पादन तथा व्यवसायमा वृद्धि गर्ने ।

१३. सरकारी क्षेत्रको सुशासन खस्किरहेकोले यसमा सुधार कार्ययोजना लागु गर्ने । यस अन्तर्गत सरकारी कार्यालयमा संस्थागत भ्रष्टाचार, काम कारवाहीमा ढिला सुस्ती र कमिसन तथा नीतिगत भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउने । आन्तरिक अनुगमन टिम खडा गरी एक अर्को कार्यालयमा छड्के अनुगमन गर्ने व्यवस्था गर्ने ।

१४. उत्पादन र रोजगारीको व्यवस्थापन गर्न छुट्टै गुरु योजना बनाउने । यस योजनामा कुन कुन सेक्टरमा कति माग छ र कति उत्पादन गर्ने भन्ने एकिन गरी सोही अनुसार जनशक्ति परिचालन र फाइनान्सको खाका तयार गर्ने ।

## ९. निष्कर्ष

आर्थिक समृद्धिको नारालाई सफल तुल्याउन राजनीतिक दलहरुमा दृढ इच्छाशक्ति, सरकारमा स्पष्ट नीति, योजना र त्यसलाई कार्यान्वयन गर्न कुशल प्रशासन आवश्यक पर्दछ । आयातमा आधारित राजस्व, न्यून पूँजीगत खर्च तथा बैंकहरुमा तरलता अभाव जस्ता समस्याले राष्ट्रिय अर्थतन्त्रलाई सँधै दवाव दिइरहेको छ। देशभित्रको बेरोजगारी समस्या हल नहुँदा विदेशिने क्रम बढ्दो छ। मुलुक रेमिटऱ्यान्स र त्यसबाट प्राप्त आयातबाट धानिएको छ । देशभित्र उत्पादन नहुँदा अर्थतन्त्र वाह्य संसारमा भरपर्नु परेको छ । यसले गर्दा अर्थतन्त्र सँधै अस्थिर र जोखिममा परेको छ । हाल अर्थतन्त्रमा देखापरेका समस्याहरु संरचनात्मक समस्या हुन । उक्त संरचनागत समस्याहरुको एक मात्र समाधान उत्पादनमा वृद्धि नै हो । उत्पादन वृद्धिको लागि लगानीको स्रोतको उचित परिचालन र तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गर्न जरुरी छ । आयात विस्थापन गर्ने उद्योगहरुको प्रवर्द्धन तथा आइटी पार्कको विस्तारले आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । अर्थतन्त्रको रुपान्तरणको लागि सरकार, राजनीतिक दलहरु, अर्थशास्त्री, उद्योगी व्यवसायी तथा सरोकारवालाहरुकोबीचमा गहन छलफल गरी ठोस कार्यक्रम ल्याउन जरुरी छ ।

# नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनको वर्तमान अवस्था

डा. नारायण राज पौडेल[1]

## १. पृष्ठभूमि

नेपालले सन् २००० देखि २०१५ सम्म सहस्राब्दी विकास लक्ष्य कार्यान्वयन गरेको थियो । नेपालले आन्तरिक द्वन्द्व र त्यसपछिको सङ्क्रमणकालका बावजुद अधिकांश सहस्राब्दी विकासलक्ष्यहरू प्राप्त गरेको थियो । उक्त अवधिमा गरीबी ४२ प्रतिशतबाट २३.८ मा घटेको थियो भने प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको साक्षरतादर ८८.६ प्रतिशत र प्राथमिकतहमा टिकाउदर ८६.८ प्रतिशत पुगेको थियो । यस्तै लैङ्गिक समता सूचक समदरमा पुगेको थियो । यस्तै सन् १९९० मा शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) १०८, बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) १६२ रहेकोमा यो संख्या सन् २०१४ सम्ममा क्रमशः ३३ र ३८ मा झरेको र दादुराविरुद्धको खोप ९२ प्रतिशतमा पुगेको थियो । समग्रमा, सहस्राब्दी विकास लक्ष्य हासिलसम्बन्धी प्रगति उत्साहजनक रहेपनि परिमाणात्मक रूपमा हासिल भएका लक्ष्यहरुको गुणात्मक हिसाबमा कमजोरी रहेको र भौगोलिक क्षेत्र तथा सामाजिक समूहबीचको प्रगतिमा उल्लेख्य रुपमा ठूलो खाडल रहेको थियो ।

सहस्राब्दी विकास लक्ष्यको कार्यान्वयन पश्चात संयुक्त राष्ट्रसंघको महासभाले नेपाल लगायत १९३ देशहरुको तत्वावधानमा सन् २०१५ को सेप्टेम्बरमा सन् २०१६ देखि २०३० सम्ममा कार्यान्वयन गर्ने गरी दिगो विकासका लक्ष्यहरुको घोषणा गर्यो । दिगो विकासका लक्ष्यहरुले विश्ववाट सबै प्रकारका गरीबीको अन्त्य, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ती, सबै महिला तथा बालबालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हांसिल गर्ने लगायतका लक्ष्यहरु राखेका छन् ।

## २. दिगो विकासका लक्ष्यहरु

संयुक्त राष्ट्रसंघको महासभाले विश्वको रूपान्तरण र विकासका हरेक आयामहरुमा कसैलाई पनि पछाडि नछोडि संगसंगै अगाडि लैजाने प्रतिबद्धताकासाथ महत्वकांक्षी १७ वटा दिगो विकास लक्ष्य, १६९ वटा गन्तव्य र २३० वटा विश्वव्यापी सूचकहरुको घोषणा गर्यो । नेपालले विश्वव्यापी सूचकहरुको अलावा अन्य स्थानिय सूचकहरु पनि तयार गरेको छ । दिगो विकासका लक्ष्यहरु निम्नअनुसार छन् ।

**लक्ष्य १.** सबै प्रकारका गरीबीलाई सबै ठाउँवाट अन्त्य गर्ने ।

**लक्ष्य २**. भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा सुधारिएको पोषण प्राप्ति गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने ।

**लक्ष्य ३.** सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।

**लक्ष्य ४.** सबैका लागि समावेशी, समतामूलक गुणस्तरीय शिक्षा र जीवन पर्यन्त सिकाइको अवसरहरु सुनिश्चित गर्ने ।

**लक्ष्य ५**. लैङ्गिक समानता हाँसिल गर्ने र सबै महिला, किशोरी तथा वालिकाको सशक्तिकरण गर्ने ।

१ कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग, नेपाल सरकार

**लक्ष्य ६.**सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

**लक्ष्य ७.** सबैका लागि दिगो (टिकाउ), भरपर्दो, तथा खर्चले धान्न सक्ने आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ८.** सबैका लागि निरन्तर, समावेशी र दिगो आर्थिक वृद्धि तथा पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।

**लक्ष्य ९.** बलियो पूर्वाधार निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकीकरणको प्रबर्द्धन गर्ने र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

**लक्ष्य १०.** देशभित्रै र देशहरूमाझ रहेको असमानतालाई न्यून गर्ने ।

**लक्ष्य ११.** नगरहरू र मानवबस्तीहरुलाई समावेशी, सुरक्षित, सबल (टिकाउ) र दिगो बनाउने ।

**लक्ष्य १२.** दिगो उपभोग र उत्पादनको ढाँचा सुनिश्चित गर्ने ।

**लक्ष्य १३.** जलवायू परिवर्तन तथा यसका प्रभावहरूविरुद्ध लड्न तत्काल कार्य थाल्ने ।

**लक्ष्य १४.** दिगो विकासका लागि महासागर, समुन्द्र र सामुन्द्रिक स्रोतसाधनहरुको संवर्द्धन/संरक्षण र दिगो प्रयोग गर्ने ।

**लक्ष्य १५.** दिगो पर्यावरणीय प्रणाली, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्ने, भूक्षयीकरणको रोकथाम र जैविक विविधताको क्षतीलाई रोक्ने ।

**लक्ष्य १६.** दिगो विकासकालागि न्यायपूर्ण र समावेशी समाजहरु प्रबर्द्धन गर्ने, सबैको न्यायमा पंहूच वढाउने र सबै तहमा प्रभावकारी, उत्तरदायी, र समावेसी संस्थाहरुको निर्माण गर्ने ।

**लक्ष्य १७.** दिगो विकासका लागि कार्यान्वयन्न/पद्धति/साधन मजबुत बनाउने र विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने ।

दिगो विकास लक्ष्यका सूचकहरु निम्नानुसार रहेका छन् :

| **लक्ष्य नं.** | **दिगो विकास लक्ष्य** | **परिमाणात्मक लक्ष्य** | **सुचकहरु** | | **जम्मा** |
|---|---|---|---|---|---|
| | | | **विश्वव्यापी** | **नेपालले थपेको** | |
| १ | गरीबीको अन्त्य | ७ | १३ | १७ | ३० |
| २ | शुन्य भोकमरी | ८ | १४ | १८ | ३२ |
| ३ | राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | १३ | २८ | ३२ | ६० |
| ४ | गुणस्तरीय शिक्षा | १० | १२ | ३२ | ४४ |
| ५ | लैंगिक समानता | ९ | १४ | २२ | ३६ |
| ६ | स्वच्छ पानी र सरसफाई | ८ | ११ | १४ | २५ |
| ७ | खर्चले धान्न सकिने स्वच्छ उर्जा | ५ | ६ | ९ | १५ |
| ८ | मर्यादित काम र आर्थिक वृद्धि | १२ | १६ | १४ | ३० |

| लक्ष्य नं. | दिगो विकास लक्ष्य | परिमाणात्मक लक्ष्य | सुचकहरु | | जम्मा |
|---|---|---|---|---|---|
| | | | विश्वव्यापी | नेपालले थपेको | |
| ९ | उद्योग प्रवर्द्धन र पूर्वाधार | ८ | १२ | ८ | २० |
| १० | असमानता घटाउने | १० | १४ | १३ | २७ |
| ११ | शहर र समुदायहरुको दिगोपना | १० | १४ | १६ | ३० |
| १२ | उपभोग र उत्पादनमा जिम्मेवारीपना | ११ | १३ | १४ | २७ |
| १३ | जलवायु सम्वन्धी कार्य | ५ | ८ | १६ | २४ |
| १४ | जलमूनिको जीवन र स्रोत | १० | नेपालको लागि उपयोगी नभएको | | |
| १५ | भूसतहको जीवन | १२ | १४ | १७ | ३१ |
| १६ | शान्ति, न्याय र सबल संस्थाहरु. | १२ | २४ | ७ | ३१ |
| १७ | लक्ष्यहरुका निम्ति साझेदारी | १९ | २४ | ८ | ३२ |
| | **जम्मा** | **१६९** | **२३७** | **२५७** | **४९४** |

उक्त सूचकहरु मध्ये १५ वटा सूचकहरु दोहोरिएका छन् । दोहोरिएका सूचक बाहेक नेपालले हालसम्म विश्वव्यापी सूचक सहित ४७९ सूचकहरु तयार गरी कार्यान्वयन गर्दै आएको थियो तर कतिपय सूचकहरुको तथ्यांक प्राप्त गर्न कठिनाई भएको हुँदा हाल ३०१ सूचकहरुलाई आवधिक रुपमा प्रतिवेदन गर्ने गरी तयारी गरिएको छ ।

## ३. दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्था

दिगो विकास लक्ष्यहरु हासिल गर्न नेपाल सरकारले विभिन्न संरचनागत व्यवस्था र नीति निर्माण लगायतका कार्यहरु गरिरहेको छ । हालसम्म भएका व्यवस्थाहरु निम्न वमोजिम छन् :

### ३.१ दिगो विकास लक्ष्यलाई योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण

नेपालले दिगो विकास लक्ष्यलाई चौधौं आवधिक योजना देखिनै योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गरेको छ । यस्तै दिगो विकास लक्ष्यलाई पन्ध्रौं योजनाका नीति तथा रणनीतिमा समावेश गरिएको छ । साथै १५औं योजनाको नतिजा खाकाहरू दिगो विकास लक्ष्यमैत्री बनाइएको छ । सन् २०१६ बाटनै दिगो विकास लक्ष्यलाई वार्षिक कार्यक्रम र बजेटमा समेत मुलप्रबाहीकरण गरिएको छ भने दिगो विकास लक्ष्यानुसार बजेट कोडिङ्ग गर्ने व्यवस्था गरिएको छ । यस्तै प्रदेश तथा स्थानीयतहका योजना तथा बजेटमा दिगो विकास लक्ष्यलाई मूलप्रवाहीकरण गर्ने कार्य भैरहेको छ ।

### ३.२ दिगो विकास लक्ष्यसम्बन्धी रणनीति तथा प्रतिवेदनको तयारी

दिगो विकास लक्ष्य सम्बन्धमा नेपालले निम्न आवश्यक रणनीति तथा अन्य प्रतिवेदनहरु तयार गरेको छ ।

१. दिगो विकास लक्ष्यको प्रारम्भिक राष्ट्रिय प्रतिवेदन प्रकाशनः नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा वि .सं २०७२ मै दिगो विकास लक्ष्यको प्रारम्भिक राष्ट्रिय प्रतिवेदन प्रकाशन गरेको